# फार्मेसी अधिकृतहरुको स्तरवृद्धि सम्बन्धी प्रतिवेदनः

(क) उजुरीको संक्षिप्त व्यहोराः

संघीय मामिला तथा सामान्य प्रशासन एवं स्वास्थ्य मन्त्रालयबाट सातौं तहमा समायोजन भएका फार्मेसी अधिकृतहरु निकेश श्रेष्ठ, किरण बज्राचार्य, विवेक श्रेष्ठ र मुकेन्द्र पञ्जियारको केही महिना अगाडि स्वास्थ्य मन्त्रालयले गरेको स्तरवृद्धि गैरकानुनी रहेको । सो सम्बन्धमा मिति २०७५।०९।११ गते पछिका स्तरवृद्धि गैरकानुनी रहेको भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खारेज गरी स्वास्थ्य मन्त्रालयलाई परिपत्र भइसकेको । तर सो स्तरवृद्धिको आडमा निजहरुले आठौं तहको तलब तथा सुविधा लिइरहेको भन्ने समेत ।

(ख) तथ्यगत विवरणः

१. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा ९(१)(४) अनुसार फार्मेसी अधिकृत सातौं तहबाट आठौं तहमा स्तरवृद्धि गर्न देहाय बमोजिम हुनुपर्ने देखिन्छ-
   - ☞ सातौं तहमा तीन वर्षको सेवा अवधि हुनुपर्ने,
   - ☞ पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अङ्क प्राप्त गर्नुपर्ने,
   - ☞ दुर्गम क्षेत्रमा सेवा गर्नुपर्ने अवधि कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा सेवा गर्नुपर्ने ।

२. सोही ऐनको दफा ९(२) मा- "उपदफा (१) मा उल्लिखित कर्मचारीले सो उपदफामा उल्लिखित अवधिसम्म सोही उपदफामा उल्लेख भएको क्षेत्रमा काम नगरेको भए त्यस्तो नपुग अवधिसम्म त्यस्तो क्षेत्रमा गई रुजु हाजिर भई काम गरिसकेपछि मात्र त्यस्तो कर्मचारीलाई स्तरवृद्धि गरिनेछ ।

तर, पद वा दरवन्दी नभएका कारण कुनै कर्मचारीलाई त्यस्तो क्षेत्रमा खटाउन नसकिने भएमा यस दफाको अन्य उपदफाको अधीनमा रही त्यस्ता कर्मचारीलाई पनि माथिल्लो तहमा स्तरवृद्धि गर्न बाधा पर्ने छैन" भनी उल्लेख भएको । उक्त ऐन तथा नियमावली समेतमा उल्लेख भएको स्तरवृद्धि सम्बन्धी व्यवस्था अनुसूची- १ मा संलग्न छ ।

३. स्तरवृद्धि सम्बन्धी टिप्पणी कागजात र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. (बढुवा) ६८३१ मिति २०७६।०२।२० को अख्तियार दुरुपयोग अनुसन्धान

आयोगलाई सम्बोधन गरिएको पत्र अध्ययन गर्दा देहाय बमोजिम स्तरवृद्धि सम्बन्धी निर्णय गरेको पाइयो-

- ☞ नेपाल स्वास्थ्य सेवा फार्मेसी समूह फार्मेसी अधिकृत सातौं तहमा कार्यरत निकेश श्रेष्ठ, किरण सुन्दर बज्राचार्य, विवेक श्रेष्ठ र मुकेन्द्र पञ्जियारलाई सोही सेवा, समूह तथा पदको आठौं तहमा स्तरवृद्धि गर्नका लागि मिति २०७५।१०।१४ मा स्वास्थ्य मन्त्रालयबाट शुरु टिप्पणी पेश भएको ।
- ☞ पेश भएको टिप्पणी अनुसार निजहरुको सातौं तहको नियुक्ति मिति २०७२।०७।२४ रहेको देखिन्छ ।
- ☞ टिप्पणीमा आ.व. ०७३/०७४ र ०७४/०७५ मा निजहरुले प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको अङ्क समावेश गरेको पाइयो । का.स.मू. को कुल अङ्क ४० रहेकोमा उत्तम अङ्क भन्नाले कम्तीमा ३० अङ्क हुनुपर्नेमा निजहरुको विगत दुई आ.व. को कार्यसम्पादन मूल्याङ्कनको कुल प्राप्ताङ्क उत्तम रहेको भन्ने उल्लेख गरेको । उक्त टिप्पणीमा दुई आ.व. मा निजहरुले प्राप्त गरेको का.स.मू. को अङ्क देहाय बमोजिम उल्लेख गरेको पाइयो-

| क्र.सं. | नामथर | का.स.मू. (आ.व.) | |
|---|---|---|---|
| | | ०७३/०७४ | ०७४/०७५ |
| १ | निकेश श्रेष्ठ | ४० | ९.३२ |
| २ | किरण सुन्दर बज्राचार्य | ४० | ९.३२ |
| ३ | विवेक श्रेष्ठ | ३६.५ | ९.३२ |
| ४ | मुकेन्द्र पञ्जियार | ४० | ९.३२ |

- ☞ फार्मेसी अधिकृत सातौं तहको दरवन्दी ५० भन्दा बढी भएकोमा सो मध्ये डडेल्धुरा, बाग्लुङ, सुर्खेत र सिन्धुलीमा गरी ४ दरवन्दी मात्र दुर्गममा रहेको । सो ४ दरवन्दी

समेत २०७२ सालपछि मात्र भएको । फार्मेसी अधिकृत सातौं तहमा कार्यरत कर्मचारीको अनुपातमा दुर्गममा दरवन्दी कम भएको (पर्याप्त नभएको) हुँदा सबैलाई खटाउन नसकिने अवस्था रहेको । त्यसैले दुर्गमको शर्त पूरा गराउँदा सातौं तहका फार्मेसी अधिकृतहरुको वृत्तिविकासमा असर पर्ने हुँदा ऐनको दफा ९(२) मा भएको शर्त अनुसार पद वा दरवन्दी नभएको आधारमा स्तरवृद्धि गरिएको भन्ने उल्लेख भएको ।

४. नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।१०।२९ को निर्णयानुसार मिति २०७५।०७।२४ देखि जेष्ठता लागू हुने गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन समेत) को दफा ९(१)(४) अनुसार निजहरुलाई नेपाल स्वास्थ्य सेवा फार्मेसी समूह फार्मेसी अधिकृत पदको सातौं तहबाट सोही सेवा, समूह तथा पदको आठौं तहमा स्तरवृद्धि गरिएको पाइयो ।
५. सोही निर्णय बमोजिम मिति २०७५।११।०१ मा निजहरुको स्तरवृद्धि गरिएको पत्र तयार गरेको पाइयो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त माथि उल्लिखित पत्र तथा कागजातहरु अनुसूची-२ मा संलग्न गरिएको छ ।

६. नेपाल स्वास्थ्य सेवा नियमावली (चौथो संशोधन) को नियम ७१(८) मा- "कार्य सम्पादनको मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवा वा स्तरवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन वापत प्राप्त अङ्कको औसत अङ्क गणना गर्नुपर्ने व्यवस्था भए पनि स्तरवृद्धिको लागि तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन वापतको अङ्क गणना गरिनेछ" भनी उल्लेख गरिएको तर टिप्पणी कागज अनुसार तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन गरेको देखिएन ।
७. औषधि व्यवस्था विभागको तलब भत्ता वितरण भर्पाई अनुसार स्तरवृद्धि गरिएका उक्त ४ जना कर्मचारीहरुले २०७६ वैशाख महिनादेखि फर्मासिष्ट आठौं तहको तलब भत्ता प्राप्त गरेको देखिन्छ । औषधि व्यवस्था विभागको सो सम्बन्धी पत्र तथा कागजात अनुसूची-३ मा संलग्न छ ।

८. फार्मेसी अधिकृतको दरवन्दी भएका माथि उल्लिखित ४ वटा दुर्गम जिल्लामा उक्त पदको हालसम्मको पदपूर्तिको अवस्था बुझ्न स्वास्थ्य सेवा विभागसँग विवरण माग गर्दा विभागको च.नं. १६१४ मिति २०७६।०५।३० को पत्रानुसार उक्त कुनै पनि जिल्लामा फार्मेसी अधिकृत सातौं तहमा स्थायीद्वारा पदपूर्ति गरिएको नपाइएको । सो सम्बन्धी पत्र अनुसूची-४ मा संलग्न रहेको छ ।

९. उजुरीमा उल्लेख भए बमोजिम कुनै निर्णय वा परिपत्र भए नभएको वारे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दा उक्त मन्त्रालयको च.नं. ३३ मिति २०७६।०६।१० को पत्रसाथ प्राप्त कागजातबाट देहाय बमोजिम भएको देखिन्छ-

☞ "कर्मचारी समायोजन अध्यादेश २०७५ बमोजिम कर्मचारी समायोजनको लागि अनलाइन आवेदन गर्न मिति २०७५।०९।११ मा सूचना प्रकाशन भएको र यस मन्त्रालयको सहमति बिना मिति २०७५।०९।१० भन्दा पछाडि गरिएका स्तरवृद्धि, सरुवा तथा काज लगायतका विषयमा निर्णय भइरहेको पाइएको हुँदा उक्त कार्यलाई समायोजन प्रयोजनको लागि मान्यता दिन नसकिने व्यहोरा निर्णयानुसार अनुरोध छ" भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतलाई मिति २०७५।११।०९ मा पत्र लेखिएको ।

☞ अवगतार्थ श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पठाइएको पत्रसाथ संलग्न निर्णय प्रतिलिपि अनुसार नेपाल स्वास्थ्य सेवा ऐन अन्तर्गतका कर्मचारीको समायोजनको कार्य सम्पन्न गर्ने सम्बन्धमा- कर्मचारी समायोजन प्रकृया प्रारम्भ भइसकेपछि नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीको प्रावधान बमोजिम स्तरवृद्धि भएका कर्मचारीहरुको समायोजन साविककै तह र पदमा गर्ने गरी प्रकृया अगाडि **बढाउने ।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समायोजनको पत्र उपलब्ध गराउँदा सम्बन्धित कर्मचारीको स्तरवृद्धि भएकै पदको पत्र दिने व्यवस्था मिलाउने भन्ने समेत मिति २०७५।११।३० मा निर्णय भएको । सो सम्बन्धी पत्र तथा कागजात अनुसूची- ५ मा संलग्न छ ।

१०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको माथि उल्लिखित पत्र अनुसार तथा सोधपुछका क्रममा बुझिए अनुसार यो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानविन वा अनुसन्धान कार्य भइरहेको हुनसक्ने देखिएको ।

**(ग)** निष्कर्ष

१. सातौं तहमा नियमानुसार तीन वर्षको सेवा अवधि भएको देखियो तर ऐनको दफा ९(१)(४) अनुसार पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अङ्क प्राप्त गर्नुपर्नेमा आ.व. ०७४/०७५ को कार्यसम्पादन मूल्याङ्कनमा न्यून अङ्क प्राप्त गरेको पाइयो ।

२. नेपाल स्वास्थ्य सेवा नियमावलीको नियम ७१(८) मा व्यवस्था भए बमोजिम तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन वापतको अङ्क गणना गरेको देखिएन ।

३. ऐनको दफा ९(२) मा भएको व्यवस्थाको अपव्याख्या गरेर माथि उल्लिखित ४ वटा दुर्गम वा अति दुर्गम जिल्लाहरुमा दरवन्दी बमोजिम फार्मेसी अधिकृतहरु नपठाई, उक्त पदको दरवन्दी रिक्त राखी स्तरवृद्धि सम्बन्धी निर्णय गरेको देखिन्छ ।

४. मिति २०७५।९।१० भन्दा पछाडि गरिएका स्तरवृद्धिको कार्य समायोजन प्रयोजनको लागि मान्य नहुने भनी पत्राचार गर्नुभन्दा अगावै स्तरवृद्धिको निर्णय भएको तथा सो स्तरवृद्धि सम्बन्धी कार्य सम्बन्धित ऐन नियम बमोजिम अगाडि बढाएको देखिन्छ ।

५. **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवज्यू समेतको उपस्थितिमा मिति २०७५।११।३० मा** स्तरवृद्धि भएकै पदको पत्र दिने व्यवस्था मिलाउने निर्णय भएको पाइएकोले सो निर्णय अनुसार उक्त स्तरवृद्धि सम्बन्धी कार्यलाई **संघीय मामिला तथा सामान्य प्रशासन** मन्त्रालयले मान्यता नदिएको भन्न नमिल्ने देखियो तर प्राप्त कागजात अनुसार स्वास्थ्य सेवा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको सबै शर्त पूरा नगरिकन नियम विपरीत स्तरवृद्धि गरेको पाइयो ।

**(घ) राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०७।०३ को निर्णयः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सातौं तहमा समायोजन भएका फार्मेसी अधिकृतहरुको केही महिना अगाडि गरेको स्तरवृद्धि गैरकानुनी रहेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा यस केन्द्रबाट गठित छानविन टोलीबाट पेश भएको प्रतिवेदनका सम्बन्धमा छलफल हुँदा उक्त छानविन प्रतिवेदनको छाँयाप्रति सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।